ॐ यज्ञपुरुषाय नमः
ॐ सा संस्कृतिः प्रथमा विश्ववाराः
ॐ वयं राष्ट्रे जागृयाम पुरोहिताः

# अतिरुद्र विश्वकल्याण विराट महायज्ञ २०८१

कार्तिक २२–२५ भृकुटीमण्डप, काठमाडौँ

विषयक

# सार्वजनिक प्रतिबद्धतासहित आह्वान





## महायज्ञ मूल आयोजक समिति

सम्पर्क : ९८५१०१३०२२, ९८५१००५९६३, ९८५१०६७५०८, ९८५१०२४३१२, ९८५७०८०७८७




महर्षि महेश योगी २०३१ कार्तिकमा नेपाल आउँदा



ॐ यज्ञपुरुषाय नमः
ॐ सा संस्कृतिः प्रथमा विश्ववारा
ॐ वयं राष्ट्रे जागृयाम पुरोहिताः

# अतिरुद्र विश्वकल्याण विराट महायज्ञ २०८१

**कार्तिक २२–२५ भृकुटीमण्डप, काठमाडौँ**

**विषयक**

# सार्वजनिक प्रतिबद्धतासहित आह्वान

१. **यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।**
**अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ।।**

*श्रीमद्भगवद्‌गीता चौथो अध्यायको ७औं श्लोक*

अर्थात् जब जब धर्मको विनाश हुन्छ र अधर्म विकसित हुन्छ। हे अर्जुन! म आफूलाई सृष्टि गर्दछु। भन्नुको तात्पर्य हो–साकार रूपमा म प्रकट हुन्छु।

२. **परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।**
**धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे ।।**

*चौथो अध्यायको ८औं श्लोक गीता*

अर्थात् सदाचारीको उद्धार र पापीको विनाश गरी समुचित तरिकाले धर्मस्थापना गर्न युगौं युगसम्म म आफूलाई प्रकट गर्ने गर्दछु।

**समादरणीय वैदिक सनातनी सभ्यताका अनुयायीहरू !**

पूर्णावतार भगवान् श्रीकृष्णको उक्त अभिमत श्लोकमा व्यक्त गर्नुभएका भनाइहरू युगयुगमा चरितार्थ हुँदैआएको छ। अहिले पछिल्लो समयमा जब जब विज्ञान र प्रविधिको चरमोत्कर्ष परिणाम देखा पर्न थालेपछि प्राचीन वैदिक सभ्यताको सनातन सान्दर्भिकताबारे विश्वव्यापी चासो र चर्चा बढ्दैगएको छ। यही परिवेशमा

शङ्कराचतार भगवान् शङ्कराचार्यद्वारा स्थापित चारपीठमध्ये ज्योतिर्मठका पीठाधीश जगत्गुरु शङ्कराचार्य स्वामी ब्रह्मानन्द सरस्वतीज्यू (२१ डिसेम्बर १८७०–१२ जुन १९५३) त्यसपीठका पीठाधीशका रूपमा १६५ वर्षदेखि रिक्त शङ्कराचार्य पदमा १ अप्रिल १९४१ मा आसीन हुनुभयो। उहाँको आध्यात्मिक उदयपछि भारतवर्षमा एकातर्फ वैदिक पुनर्उत्थानको व्यापक अभियान प्रारम्भ भयो भने अर्कोतिर सोही कालखण्डमा नै दोस्रो विश्वयुद्ध चर्कंदै गएको थियो। जब विश्वयुद्धको विभीषिकाले लाखौंलाख मान्छे मर्न थाले तब शङ्कराचार्य स्वामी ब्रह्मानन्द सरस्वतीले विश्वकल्याणार्थ विश्वयुद्ध रोक्न दश हजार ब्राह्मणहरूद्वारा महायज्ञको आयोजना गर्नुभयो र त्यसले अभिष्ट सिद्धि हासिलसमेत गऱ्यो।

यसर्थ वैदिक महायज्ञबाट अभिष्ट सिद्धि हुने कुरा आधुनिक विश्वका चिन्तकहरूले पनि यो आलो इतिहासलाई कदापि बिर्सन सक्दैनन्। रोचक कुरा के छ भने उहाँका सर्वश्रेष्ठ शिष्यहरूमध्ये पूज्यपाद स्वामी श्री हरिहरानन्द सरस्वती (श्री करपात्रीजी महाराज) र वैज्ञानिक सन्त महर्षि महेश योगीज्यू अग्रगण्य हुनुहुन्छ। श्रीकरपात्रीजी महाराजजीले भारतवर्षमै सन्त–साधना गराउने जिम्मेवारी प्राप्त गरेबमोजिम वर्तमानका पुरी पीठाधीश्वर जगतगुरू शङ्कराचार्य निश्चलानन्द सरस्वती जस्ता शिष्य बनाएर कर्तव्यपालन गर्नुभयो भने जगत्गुरु शंकराचार्य स्वामी ब्रह्मानन्द सरस्वतीज्यूका अन्तरङ्ग अन्तेवासी वैज्ञानिक सन्त महर्षि महेश योगीजीले वैदिक ज्ञान र प्रविधिलाई वैज्ञानिक भाषामा विश्वव्यापीकरण गर्ने जिम्मेवारी प्राप्त गरेबमोजिम सन् १९५७ देखि महर्षिजीले भावातीत ध्यान (Transcendental Meditation) को प्रचार र प्रशिक्षण गराउँदै विश्वव्यापी भ्रमण प्रारम्भ गर्नुभयो र महर्षिले सन् १९७४ को नोभेम्बर पहिलो साता काठमाडौं आइपुग्नुभयो। दुई साताको काठमाडौं–पोखरा भ्रमणपछि उहाँ भारत फर्कनुभयो।

**नेपाल आएर महर्षि महेश योगीले के के गर्नुभयो त ?**

१) तत्कालीन समयमा टेलिभिजनको चर्चै नभएको नेपालमा ५०० थान टेलिभिजन ल्याएर स्वयम्भूमा अस्थायी टावर निर्माण गरी खास गरी

राजदरबार र सिंहदरबारका सबैजसो अधिकारीका कार्यकक्षमा जडान गरी रत्नपार्कछेउ खुलामञ्चबाटै आफ्नो दुई दिनसम्मको मन्तव्य तथा क्रियाकलाप जानकारी गराउनुभएको थियो ।

२) सोही अवसरमा खुलामञ्चमै २५,०००भन्दा बढी मानिसलाई एअरफोनद्वारा मन्त्रदान दिई भावातीत ध्यान सिकाउनुभएको थियो ।

३) त्यही अवसरमा नेपाल भ्रमणको ७ दिने कार्यक्रम उल्लेख भएको आफ्नो फोटोसहितको ठूला पोस्टरहरू स्वीजरल्याण्डमा नै छपाएर ल्याई नेपालमा व्यापक गराउनुभएको रहेछ ।

जिज्ञासा उठ्छ - खास के थियो त्यो पोस्टरमा ? त्यस पोस्टरमा **Nepal to lead the world अर्थात् नेपालले विश्वको नेतृत्व गर्न सक्छ ।** यसो भन्नुको तात्पर्य हो –वैदिक मूल्यमान्यताका आधारमा नेपालीले विश्वको नेतृत्व गर्न सक्छन् । वास्तवमा हरेक नेपालीले सधैंभरि यो वाक्यलाई नेपालको गौरवमय इतिहासमा स्वर्ण अक्षरले उल्लेख गर्न योग्य देखिएको छ ।

४) महर्षि महेश योगीले नेपालमा रहँदा गर्नुभएको सम्बोधन नेपालको लागि उच्च कोटिको राष्ट्रगानको दस्तावेजजस्तै रहेको छ जसलाई हामीले 'महर्षि सन्देश'मा समावेश गरेका छौं ।

५) महर्षि महेश योगीले विश्वशान्तिको शङ्खघोष नेपालबाट हुने बताउनुभएको छ । उहाँ विश्वशान्तिको जिम्मेवारी नेपालले नै लिनुपर्छ भन्नुहुन्छ साथै त्यसका लागि नेपालको दिगो शान्ति र समृद्धिका १२ बुँदे कार्यक्रमसहित श्रीपशुपतिनाथ मन्दिर परिसरमा ११,१११ जनाले दैनिक रुद्राभिषेक गर्नुपर्छ भन्ने उहाँको प्रस्ताव तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासमक्ष प्रस्तुत गर्न नेपाल महर्षि वैदिक फाउण्डेशनका अध्यक्ष दीपकप्रकाश बास्कोटामार्फत जिम्मेवारी दिनुभएको थियो ।

**आदरणीय वैदिक सनातनप्रेमी महानुभावहरू !**

नेपालले विश्वको नेतृत्व दिन सक्छ भनेर आजका दिनमा के हामी नेपालीले भन्न सक्छौ ? के यो कुरा अन्य कुनै भारतीयहरूले बोल्न सक्छन् वा बोल्न चाहन्छन् ? वा विश्वका अन्य कुनै देशले यो भनाइ राख्न सक्छन् ? भारतीय सन्तले नेपालको पवित्र भूमिमा आएर हज्जारौं व्यक्तिको उपस्थितिमा यो कुरा उद्घोषमात्र गर्नुभएन; आफ्नो सशरीर नक्सासहित फोटो राखेर **'Nepal to lead the world' भनेर व्यापक प्रचार गर्दै त्यसको सम्भावित कार्यक्रमसमेत दिएर सदा स्वतन्त्र गोरक्षक प्राचीनतम पवित्र भूमि नेपालको ऐतिहासिकता र महत्त्वबारे आम नेपाली जनमानसलाई उजागर गरेर फर्कनुभएको यो वर्ष ५० वर्ष पुग्दै छ जसलाई हामी महर्षि महेश योगी नेपाल– आगमनको स्वर्ण महोत्सवका रूपमा मनाउन कृतसङ्कल्पित छौं ।**

**मुलुकको राष्ट्रियता, अखण्डता तथा सार्वभौमिकताको संरक्षण र सम्बर्द्धनका लागि हरेक क्षेत्रको पृष्ठपोषण आवश्यक हुन्छ । भौगोलिक तथा विविध कारणले आकार र क्षमतामा सानो देखिएको नेपालाई दुई विशाल राष्ट्रका बीचमा रहेर पनि प्राचीन, आध्यात्मिक, वैदिक, पवित्र तथा वीरभावको वकालत गर्दै विश्वव्यापी सन्देशवाहक हुनुभएका परमपूज्य वैज्ञानिक सन्त महर्षि महेश योगीलाई नेपाल र नेपालीका तर्फबाट सदासर्वदा श्रद्धासुमन अर्पण गर्नु प्रत्येक नेपालीको कर्तव्य भएको छ ।**

परम आराध्य राष्ट्रदेव भगवान् श्रीपशुपतिनाथको असीम अनुकम्पा र तज्जन्य शक्तिलाई उजागर गर्नका लागि नेपाललाई विश्वकै शान्तिको राजधानी बनाउन सकिन्छ भन्ने दृढविश्वाससहित महर्षिजीले नेपालको सर्वाङ्गीण दिगो विकासनिम्ति बाह्र बुँदे कार्यक्रम प्रजातन्त्रको पुनर्स्थापनापछिका निर्वाचित प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई प्रेषित गरेको दस्तावेज हामीसँग छ ।

वास्तविकता के हो भने नेपालको आध्यात्मिक परम्पराको सनातनी मूल्यमान्यता,

राष्ट्रनिर्माता पृथ्वीनारायण शाहका दिव्योपदेश र वैदिक विज्ञानमा आधारित वैज्ञानिक सन्त महर्षि महेश योगीद्वारा प्रस्तुत पहिचान र दृष्टिकोणलाई नेपालको दिगो नीतिमा रूपान्तरण गर्न सकेमा गाउँ नै गाउँले भरिएको सुन्दर नेपालका स्वाभिमानी नेपालीहरू जीवननिर्वाहका लागि लगातार विदेश पलायन हुनुपर्ने थिएन। ऋषि–महर्षि एवं भगवत्परम्परामा नै नेपाललाई रामराज्यको अनुभूति गराउन सक्नेछौं। तसर्थ सिङ्गो वैदिक सनातन परम्पराका महान् वैज्ञानिक सन्त महर्षि महेश योगीज्यूको नेपाल भ्रमणको स्वर्ण महोत्सव (Golden Jubilee celebration of Maharishi visit Nepal) अत्यन्त सभ्य, भव्य तथा दिव्य रूपमा मनाउने प्रस्ताव गरेका हौं। यस क्रममा वैदिक महाअभियानका साठीभन्दा बढी देशका विश्वविख्यात वैज्ञानिकहरू एवं भावातीत ध्यान तथा सिद्धि साधकहरू नेपाल आउनुहुने पक्का भएको छ।

**श्रद्धावान् आमाबुवा, दिदीबहिनी एवं दाजुभाइहरू !**
**यज्ञेन यज्ञमयजन्त देवास्तानि धर्माणि प्रथमान्यासन्**
**ते ह नाकं महिमानः सचन्त यत्र पूर्वे साध्याः सन्ति देवाः ॥**

पुरूषसूक्त १६ औं मन्त्र

**अर्थात् परं ब्रह्म परं ज्योतिस्वरूप ब्रह्मको उपासना यज्ञद्वारा यजन गर्दै जुन धर्मप्राप्तिको (धर्माणि) क्रियाकलापहरू पहिले थिए जसलाई पूर्व समयमा देवताहरूले साधनाद्वारा (भावातीत ध्यानद्वारा) प्राप्त गरेर देवता भए; त्यो प्राप्त गर्नुपर्ने परब्रह्मलाई यज्ञद्वारा यजन गर्दछौं।**

वास्तवमा मनका विविध समीधाहरूलाई आत्मचेतनारूपी वैश्वानरमा हवन गरिदिनुलाई यज्ञ भनिन्छ।

यसर्थ सारा वेद तथा वैदिक वाङ्मय र उपनिषद्को सार श्रीमद्भगवद्गीताको तेश्रो अध्यायका वैदिक यज्ञसम्बन्धी केही प्रसङ्ग यहाँ उल्लेख्य रहनेछ।

**सहयज्ञाः प्रजाः सृष्ट्वा पुरोवाच प्रजापतिः ।**
**अनेन प्रसविष्यध्वमेष वोऽस्त्विष्टकामधुक् ।।** गीता, अ. ३, श्लो. १० ।

अर्थात् सृष्टिको सुरुमै यज्ञसहित मनुष्यको सृष्टि गरेपछि ब्रह्माजीले भन्नुभयो -यस यज्ञबाट तिमीहरूले समृद्धि हासिल गर्नेछौ र यसले कामनाको पूर्ति गर्नेछ।

**देवान्भावयतानेन ते देवा भावयन्तु वः ।**
**परस्परं भावयन्तः श्रेयः परमवाप्स्यथ ।।** *गीता, अ. ३, श्लो. ११ ।*

अर्थात् यज्ञद्वारा तिमीहरूले देवताहरूको उन्नति गर, उनीहरूले तिम्रो उन्नति गर्नेछन् र आपसी उन्नतिबाट तिमीहरूले उच्चतम उपलब्धि हासिल गर्नेछौ।

**अन्नाद् भवन्ति भूतानि पर्जन्यादन्नसम्भवः ।**
**यज्ञाद् भवति पर्जन्यो यज्ञः कर्मसमुद्भवः ।।** *गीता, अ. ३, श्लो. १४ ।*

अर्थात् भोजनबाट प्राणी आस्तित्वमा आउँछन्, वर्षाबाटै अन्न (खानेकुरा) आउँछ, यज्ञबाट वर्षा आउँछ र यज्ञ कर्मबाट उत्पन्न हुने हुन्छ।

**कर्म ब्रह्मोद्भवं विद्धि ब्रह्माक्षरसमुद्भवम् ।**
**तस्मात् सर्वगतं ब्रह्म नित्यं यज्ञे प्रतिष्ठितम् ।।** *गीता, अ. ३, श्लो. १५ ।*

अर्थात् कर्म ब्रह्मबाट उत्पन्न हुन्छ भन्ने कुरा जान। ब्रह्म अविनाशी परमात्माबाट उत्पन्न हुन्छ भन्ने जान। तसर्थ सर्वव्यापी ब्रह्म सदैव यज्ञमा स्थापित हुन्छ।

यी शास्त्रीय प्रमाणहरू तथा हाम्रो मौलिक परम्पराका आधारमा हामी ढुक्कसँग भन्न सक्छौं– हाम्रा मन्त्रद्रष्टा ऋषिमुनिहरूले स्थापित गरेको यज्ञ–सम्पादनद्वारा हरेक समस्याको समाधानमात्र हैन, आ–आफ्ना अभिष्ट सिद्धिका लागि पनि ठूला–ठूला यज्ञहरू गरिएको पौराणिक इतिहास साक्षी छ। अतः आजको विश्वमा यत्रतत्र सर्वत्र जलवायुमा देखापरेको विश्वव्यापी उष्णता (Global Warming) कम गराउन, अनावृष्टि- अतिवृष्टि- खण्डवृष्टिको मारबाट बँच्न-बँचाउन, विभिन्न

प्रकारका नयाँ-नयाँ महामारीलाई निस्तेज गराउन, राष्ट्र-राष्ट्रबीचको अस्वस्थ र अमानवीय प्रतिस्पर्धालाई कम गर्न एवं छिमेकी राष्ट्रको अवाञ्छित नाकाबन्दीबाट सशङ्कित नेपाली मनलाई उच्च मनोबल प्रदान गर्न र आन्तरिक द्वन्द्वमा टकराइरहेको नेपाली राजनीतिलाई सङ्लो चेतना प्रवाह गराउन शास्त्रसम्मत महायज्ञले सद्ज्ञानमय प्रेरणा अवश्य प्रदान गर्नेछ तबमात्र दिगो शान्ति र समृद्धिको भरपर्दो ढोका खुल्नेछ।

यी सबै राष्ट्रव्यापी समस्याको सहज समाधान तथा विश्वभर चलिरहेका अशान्ति र युद्धको शीघ्र समाधाननिम्ति सामूहिक सङ्कल्पसहित आराध्यदेव भगवान् श्रीपशुपतिनाथकै असिम अनुकम्पा, सद्गुरुदेव स्वामी ब्रह्मानन्द सरस्वतीज्यूको कृपा तथा महान् वैज्ञानिक सन्त महर्षि महेश योगीज्यूका आशीर्वादले महर्षिजीको नेपाल आगमनको ५० औं वार्षिकोत्सव (स्वर्ण-महोत्सव) का शुभ अवसरमा विश्वकल्याण विराट महायज्ञको आयोजना गर्दै छौं।

उक्त शुभ समयमै वैदिक विज्ञान तथा आधुनिक विज्ञान दोश्रो महासम्मेलनसमेत स्वर्णमहोत्सवमै सम्पन्न गर्ने नेपाल महर्षि वैदिक फाउण्डेशनको निर्णय भएकोले इच्छुक तमाम वैदिक सनातनीहरूको सामूहिक सङ्कल्पमा सम्पन्न हुने **अतिरुद्र विश्वकल्याण विराट महायज्ञ**मा सङ्कल्पपूर्ण सहभागी हुनुहुन स्वदेश तथा विदेशमा रहनुहुने नेपाली जनसमुदायलाई हार्दिक अह्वान गर्दछौं।

यस महायज्ञका कार्यक्रमबारे विस्तृत जानकारी गराउँदै जानेछौँ। अहिले पहिलो चरणमा निम्नानुसार संक्षिप्त जानकारी गराउँदछौं।

१) **प्रारम्भमा कार्तिक २१ गते महर्षि महोत्सवको समुद्घाटन तथा शोभायात्रा गरिनेछ।**

(क) नेपालका मौलिक सांस्कृतिक झाँकी तथा उल्लेख्य शङ्खघण्टसहित भद्रकाली, शहीदगेट, रत्नपार्क हुँदै शोभायात्रा गरिनेछ।

(ख) यस महोत्सवको समुद्घाटनमा १०८ दीप प्रज्ज्वलनसहित कन्यापूजन पनि गरिनेछ ।

२) **कार्तिक २२ गतेदेखि २५ गतेसम्म अतिरुद्र विश्वकल्याण विराट महायज्ञ हुनेछ ।**

३) **कार्तिक २२ गतेदेखि २४ गते ३ दिनसम्म वैदिक विज्ञान तथा आधुनिक विज्ञान दोस्रो महासम्मेलन सञ्चालन हुनेछ । उक्त तीनै दिन ५ बजेपछि ७ बजेसम्म श्रीमद्भागवत महापुराणका कथासारको विशेष प्रवचन हुनेछ ।**

४) यस महायज्ञमा बटुक तथा पण्डितको वरण संख्या १,१११ हुनेछ ।

५) यस महायज्ञमा कर्ता (यजमान) आयोजकका रूपमा नाम लेखाउन कम्तीमा ११,१११।- सङ्कल्पपूर्ण रकम अग्रिम प्रदान गर्नुपर्नेछ ।

६) यस महायज्ञमा एक लघुरुद्री बराबर सङ्कल्प गर्न चाहनेले रु **५१,१११।-** रकम प्रदान गर्नुपर्नेछ। यसमा निजहरूलाई यस संस्थाको आजीवन सदस्यता प्रदानसमेत गरिनेछ ।

७) यस महायज्ञको सामग्री, भोजन, प्रसाद, खाने पानी व्यवस्थापनमा चाहिने विभिन्न सामग्री प्रदान गर्नुहुने दाताहरूलाई स-सम्मान अवसर प्रदान गरिनेछ । उहाँहरूलाई पनि संस्थाको आजीवन सदस्यता प्रदान गरिनेछ ।

८) महायज्ञ अवधिभर हरेक दिन बिहान निम्नलिखित समयमा योग र ध्यान कार्यक्रम सञ्चालन गरिनेछ ।

**क)** **बिहान ५:३० बजेदेखि ६:०० बजेसम्म निःशुल्क महर्षि योगासन चलाइनेछ ।**

**ख)** **बिहान ६:०० बजेदेखि ७ बजेसम्म भावातीत ध्यान तथा सिद्धि कार्यक्रम गराइनेछ ।**

*हरि ॐ तत्सत्*



ब्रह्मानन्द सरस्वती ग्राम, दक्षिणकाली-१, बोसन चम्पादेवी, काठमाडौं


NEPAL
TO
LEAD
THE
WORLD